## एक कडोर .......

मुख्य व्यापारिक केन्द्र रहेको यस वडामा विकास निर्माणर धार्मिक पर्यटनको प्रवल संभावना बोकेको राम मन्दिर र दुर्गा मन्दिर निर्माण कार्यको लागि लहान नगरपालिकाले प्रशंसायोग काम गरेको धारणा राख्नुभयो।

## उद्योगी .......

कार्यक्रममा राजविराज नगरपालिका वडा नम्वर ८ का वडाअध्यक्ष जयनारायण मण्डल, पत्रकार राजु विश्वकर्मा लगायतले कार्यपत्र माथि टिप्पणी गर्दै खाद्य स्वच्छतामा जोड दिए।

## काँग्रेसको .......

समूहले छुट्टाछुट्टै प्यानल बनाएका छन्। प्रदेश २ को सभापतिमा रामसरोज यादव, सप्तरी जिल्ला सभापति दिनेश यादव, महोत्तरी जिल्ला सभापति महेन्द्रकुमार यादव र रौतहटका सभापति कृष्ण यादवसहित ४ जना आकांक्षी छन्।

## नेपाली .......

रामचन्द्र पौडेल निकट हुन्। कांग्रेसका पूर्व केन्द्रीय सदस्य रामचन्द्र तिवारीका कारण झडप भएको निधि निकट नेताहरूले आरोप लगाएका छन्। 'रागवेन्द्र झालाई सभापति बनाउने विवादले समस्या सिर्जना भएको हो' काङ्ग्रेस महोत्तरीका सचिव शम्भु पाठकले भने।

तिवारीले चुनावभन्दा पनि रागवेन्द्र झालाई सर्वसम्मत सभापति बनाउनुपर्ने अडान गरेको तर बिमलेन्द्र निकट नेताहरूले अस्वीकार गरेपछि तिवारी पक्षले टोले गुण्डा परिचालन गरेको आरोप छ। मनरासिस्वा नगरपालिका-८ मा बाँकी रहेको वडा अधिवेशन पनि तिवारी पक्षकै कारण अगाडि बढ्न नसकेको निधि पक्षको आरोप छ। 'तिवारी तथा पौडेल समूहले वडामा चुनावको तयारी हुँदै गर्दा फर्जी मतदाता ल्याएर निर्वाचन भाँड्न खोजेको आरोप छ क्षेत्र नम्वर ३ का उपसभापति विजय साहले भने।

बन्द सत्रमा भएको झडपमा नेता रामु यादव सामान्य घाइते भएका छन्। तिवारी पक्षले बन्द सत्रमा नै गुण्डा परिचालन गरेपछि निधि समूह छलफल नै नगरी बाहिरिएको साहको भनाइ छ।

## मानसिक .......

गर्छ। यस्तो भयावह अवस्थाबाट बाहिर आउन राज्यले सकारात्मक हस्तक्षेपकारी भूमिका खेल्नु पर्छ। तर, व्यवहारमा भने राज्यबाट सो बमोजिम कार्य भएको देखिँदैन। बरु यसको विपरीत राज्यपक्ष सुनियोजित तवरले विभिन्न विभेदकारी कानून तथा प्रतिकूल व्यवस्थाहरुमार्फत मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति वा उनीहरुको समुदायलाई कलंकित र बदनाम तुल्याई सिङ्गो समाज अनि सामाजिक मर्यादा नै धरापमा पर्ने गरी विनाशकारी पथतिर लम्कन खोजेकोझैँ प्रतीत हुन्छ।

त्यसैले समयमा नै जिम्मेवार कर्तव्यवाहक पक्षहरुबाट मानसिक स्वास्थ्य समस्याको समाधानका लागि उचित पहल हुनु अवश्यक छ। अन्यथा, कुनैदिन एकले थुकी सुकी, सयले थुकी नदी भनेझैँ सबैको आंखाको कसिङ्गर बन्न सफल यस मानसिक स्वास्थ्य समस्याको दहले सबैलाई लिएर नजाला भन्न सकिँदैन र अन्त्यमा, जो अगुवा उही, बाटो हगुवा भन्ने उक्ति चरितार्थ हुँदै आएको यस नेपाली समाजमा त्याग र समर्पण भावजस्ता कुराहरु तपसिलमा रहेता पनि यसलाई नीति निर्माता तथा विज्ञहरुले गम्भीर भई व्यवहारिक रुपमा अनुसरण गर्न सके यो लेख इन्द्रका अगाडि स्वर्गको बयान भने पक्कै हुने थिएन। स्वास्थ्य खबरबाट

## विवाह पंचमी .......

त्यसैगरी, उपमहानगरपालिकाको नेतृत्वमा हुने सरसफाईमा सुरक्षा निकायका साथै स्थानीय सघसंस्थाहरु समेत सहयोग गर्न मुख्यमन्त्री राउतले आग्रह गरेका थिए।

विवाहपंचमी महोत्सवलाई भव्य र सभ्य बनाउन प्रदेश सरकारको तर्फ बाट मुल नाकाहरुमा प्रवेशद्वार निर्माण गर्नुका साथै खानेपनिको व्यवस्था गर्न सम्बन्धित मन्त्रालयहरुलाई समेत मुख्यमन्त्री राउतले निर्देशन दिए।

बैठकमा उद्योग पर्यटन तथा वन मन्त्री शत्रुधन महतो ,अर्थ मन्त्री शैलेन्द्र प्रसाद साह, आन्तरिक मामिला तथा संचार राज्यमन्त्री रुबि कुमारी कर्ण ,जनकपुरधाम उपमहानगरका प्रमुख लालकिशोर साह, जानकी मन्दिरका उतराधिकारी महन्थ रामरोशन दास , प्रमुख सचिव हरिप्रसाद मैनाली, आन्तरिक मन्त्रालयका सचिव राम कुमार महतो, प्रमुख जिल्ला अधिकारी बन्धु प्रसाद बास्तोला, जनकपुर उपमहानगरका कार्यकारी अधिकृत प्रधुमन प्रसाद उपाध्याय, नेपाली सेनाका सहायक रथी शिशिर चन्द्र केसी, नेपाल प्रहरीका डिआइजी उमेश रँजितकार, सशस्त्र प्रहरीका डिआइजी गणेश ठाडा मगर, अनुसन्धानका निर्देशक ओम प्रकाश जोसी, धनुषाका प्रहरी उपरीक्षक बसन्त रजौरे सहितको सहभागिता रहेको थियो।

## साइकलमैत्री .......

काठमाडौं उपत्यका र नेपालका अधिकांश शहरहरु साइकल यात्राका निम्ति अत्यन्त उपयुक्त भएको कुरा नौलो हैन। तर, पर्याप्त साइकलमैत्री पूर्वाधार र साइकलमार्गको सञ्जालबिना "साइकल सिटी"हरु बन्न सक्दैनन्। र, यो नेपालको अर्को एउटा अप्राप्य क्षमताका रूपमा मात्रै स्थापित हुन सक्छ। साइकलमैत्री शहरको सपना साकार बनाउन उचित लगानी, प्राविधिक दक्षता र सम्बन्धित संस्थाहरुको क्रियाशीलता जत्तिकै महत्वपूर्ण साइकलमार्ग र तिनको आर्थिक प्रभावबारे सरोकारवालाहरुको भ्रम तथा शंकाहरु चिर्नु पनि हो। साइकलमैत्री शहरका प्रशस्त फाइदालाई मध्यनजर गर्दै संसारभर भइरहेका पहलबाट सिक्न नेपाली सरोकारवालाहरुले पनि ढिलो गर्नुहुँदैन।

# लक्ष्मीपुर पतारी गाँउपालिका,

## गाँउ कार्यपालिकाको कार्यालय

महेशपुर पतारी, सिरहा

प्रदेश नं. २ नेपाल

### करार सेवामा पदपूर्ती गर्ने सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः२०७८/०८/१७

यस लक्ष्मीपुर पतारी गाउँपालिका अन्तर्गत तपशिल बमोजिमका कर्मचारी करारमा राख्नुपर्ने भएकोले प्रचलित कानुन बमोजिम योग्य नागरिकहरुले सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचामा आवेदन पेश गर्नु हुन सम्वन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। रीत नपुगे वा म्याद नाघेर आएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

| क्र.स. | विज्ञापन नं. | पद | खुल्ला | समावेशी | | | जम्मापद संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | | महिला | मधेशी | दलित | |
| १ | ०१/२०७८/०७९ | अ.हे.व. | १ | - | - | - | १ |
| २ | ०२/२०७८/०७९ | अभ्यङ्गकर्ता | १ | १ | - | - | २ |
| ३ | ०३/२०७८/०७९ | हेवी सवारी चालक | १ | - | - | - | १ |
| ४ | ०४/२०७८/०७९ | हल्का सवारी चालक | १ | - | - | - | १ |
| ५ | ०५/२०७८/०७९ | स्वीपर | १ | १ | - | - | २ |
| ६ | ०६/२०७८/०७९ | वाचमेन | १ | - | - | - | १ |
| ७ | ०७/२०७८/०७९ | माली | १ | - | - | - | १ |

१.अ.हे.व., अभ्यङ्गकर्ता र हल्का सवारी चालक पदको हकमा दरखास्त रकम रू.५००/- हेवी सवारी चालक पदको हकमा दरखास्त रकम रू.७००/- तथा स्वीपर ,वाचमेन र माली पदको हकमा दरखास्त रकम रू.३००/-बुझाउनु पर्नेछ र दरखास्त दस्तुर रकम यस कार्यालयको राजस्व शाखामा बुझाएको सक्कल नगदी रसिद वा यस कार्यालयको NCC बैंक लक्ष्मीपुर पतारी शाखा स्थित आन्तिरिक राजश्व ग.१.१ खाता नं. १४३०००००२२५०१ मा जम्मा गरेको सक्कल भौचर दरखास्त साथ पेश गर्नु पर्ने छ।

२.दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरुः

(क)नेपली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी १(एक प्रति)।

(ख)हालैमात्रै खिचेको पुरै मुखाकृती (दुवै कान समेत)प्रष्ट देखिने एकै किसिमको पासपोर्ट साईजको फोटो ( पुरुषको हकमा दाही र कपाल काटेको) ३ प्रति फोटो।

(ग)आफुले अध्यन गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी १/१(एक/एक) प्रति।

(घ)दरखास्त फारम संग संलग्न गरि पेश गर्ने कागजातहरुको प्रतिलिपीको पछाडी पट्टी सक्कल बमोजिमको नक्कल ठिक छ भनि उम्मेदवार स्यवंले अनिवार्य रुपमा दस्तखत गर्नु पर्नेछ।

**(क)विज्ञापन नं.०१/२०७८/०७९को हकमाः**

- लिखित परीक्षा ( लोक सेवा आयोगले निर्धारण गरिएको पाठ्यक्रम बमोजिम)
- अन्तर्वता

**(ख) विज्ञापन नं.०२/२०७८/०७९, ०३/२०७८/०७९, ०४/२०७८/०७९ ,०५/२०७८/०७९ , ०६/२०७८/०७९ र ०७/२०७८/०७९ को हकमाः**

- अन्तरवार्ता

**३.आवश्यक न्यूनतम योग्यताः**

| सि.नं. | पद | आवश्यक न्युनतम योग्यता |
|---|---|---|
| | •अ.हे.व.<br>•अभ्यङ्गकर्ता<br>•हेवी सवारी चालक<br>•हल्का सवारी चालक<br>•स्वीपर<br>•वाचमेन<br>•माली | •नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।<br>•कुनै राजनैतिक पार्टीको सदस्य नरहेको।<br>•मानव अधिकार र मानवीय कानुनको उल्घनमा सजाय नपाएको।<br>•नेपाली नागरीकता प्रमाणपत्र पाएको। |
| १ | अ.हे.व. | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सि.एम.ए. कोर्ष उतिर्ण |
| २ | अभ्यङ्गकर्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा एस.ई.ई. उतिर्ण गरी सम्बन्धित विषयमा कमतिमा १ महिनाको तालिम प्राप्त भएको हुनुपर्ने। |
| ३ | हेवी सवारी चालक | समान्य लेखपढ जान्ने र हेवी सवारी चालक लाईसेन्स प्राप्त भएको। |
| ४ | हल्का सवारी चालक | समान्य लेखपढ जान्ने र हलका सवारी चालक लाईसेन्स प्राप्त भएको। |
| ५ | स्वीपर | समान्य लेखपढ जान्ने। |
| ६ | वाचमेन | समान्य लेखपढ जान्ने। |
| ७ | माली | समान्य लेखपढ जान्ने। |

**४.उम्मेदवारको उम्मेरको हदः**

| सि.नं. | पद | उमेरको हद |
|---|---|---|
| | •अ.हे.व.<br>•अभ्यङ्गकर्ता<br>•हेवी सवारी चालक<br>•हल्का सवारी चालक<br>•स्वीपर<br>•वाचमेन<br>•माली | दरखास्त अह्वान भएको सालको वैशाख १ गते सम्म १८ वर्ष पुरा भई दरखास्त अह्वान भएको मिति सम्म ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गको हकमा ४० वर्ष ननाघेको! |

**५.दरखास्त दिने अन्तिम मितिः २०७८/०८/०२ गते सम्म कार्यालय समय भित्र र अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोली पल्ट कार्यालय खुल्ने दिन अन्तिम दिन हुनेछ।**

**६.दरखास्त फारम पाउने र पेश गर्ने स्थानः दरखास्त फारम यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ वा कार्यालयको वेब साईट www.laxmipurpatarimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ र यस कार्यालयको प्रशासन शाखामा उपस्थित भई दरखास्त पेश गर्नु पर्नेछ। रित पुर्वक पेश नभएको दरखास्त उपर कुनै कार्यवाही हुने छैन र त्यसको जिम्मेवार कार्यालय हुने छैन।**

**७.पारीश्रमिक : गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।**

**पदपुर्ति समिति संयोजक**

संचालक समिति अध्यक्षः **शंकर प्रसाद गुप्ता** (मो. ९८४२८२७००१), प्रकाशक/सम्पादकः **मो. फिरोज सिद्धिकी** (मो. ९८५२८३२५६५), प्रधान सम्पादकः **जिवछ यादव 'उदासी'** (मो. ९८१४७१८३८२),
मुद्रकः आयुष्मान अफसेट प्रेस, लहान, कार्यालयः लहान न.पा.-८, सिरहा, मो. ९८१९९१११२१, E-mail : samriddhipath.daily@gmail.com

Scanned with CamScanner